## संसोधन गरिएका दफा उप दफाहरु :-

### परिच्छेद २

- दफा (१६) को उपदफा (१) को (च) मा नगर शिक्षा अधिकृत वा प्रमुखको प्रतिबेदन, नगर शिक्षा समितिको निर्णय  कार्यपालिका बाट अनुमोदन भए पश्चात प्रमुख प्रशसकीय अधिकृतले बिद्यालय गाभ्न सक्ने छ ।
- दफा (१९) को उप दफा (३) को अन्तिम हरफमा नगर सभा शब्दको सटा नगर शिक्षा समिती राखिएको छ ।

### परिच्छेद ३

- दफा (२१) का उप दफा  (ज) थप गरी नगर शिक्षा समितिबाट STR को आधारमा नगर शिक्षा समितिले हरेक शैक्षिक शत्रको अन्त्यमा दरबन्दी मिलान गर्नु पर्ने छ ।
- दफा (२२) को देहाय (व) मा शिक्षा अधिकृतले दिएको निरीक्षण प्रतिवेदन उपर कर्वाई गर्न ।
- दफा (२२) को देहाय (कख) मा नगर शिक्षा समितिबाट निर्धारित समय भित्र गरिएका दरबरन्दी मिलान तहत शिक्षक दरबरन्दी / राहतको कोटा/ बालबिकास कोटा सम्बन्धित बिद्यालयहरुमा थप घट भएको जानकारी गराउने ।

परिच्छेद ४

- दफा (२४) को उप दफा ( १) मा देहाय अनुसार एक नगर शिक्षा समिति रहने छ ।

(क) नगर कार्यपालिकाका प्रमुख वा निजले तोकेको व्यक्ति - संयोजक

(ख) सामुदायिक बिद्यालयहरुको प्र.अ.मध्ये १ जना सदस्य

(ग) संस्थागत बिद्यालयहरुको प्रतिनिधी मुलक संस्थापक वा प्राचार्यहरु मध्ये १ जना सदस्य

(घ) नगर प्रमुखले तोकेको कार्यपालिका सदस्यहरु मध्ये बाट एक जना महिला सहित २ जना सदस्य

